शहीदनगर नगरपालिका

Shahidnagar Municipality

# नगर कार्यपालिकाको कार्यालय

# Office of the Municipal Executive

यदुकुहा, धनुषा

Yadukuha, Dhanusha

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)

## आर्थिक वर्ष २०८३/०८४ का लागि सुचिकृत (मौजुदा सूची) हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः- २०८३ साल असोज २६ गते सोमबार**

यस शहीदनगर नगरपालिका तथा यस अन्तर्गतका वडा कार्यालयहरूमा आर्थिक वर्ष २०८३/०८४ को लागि विभिन्न किसिमका निर्माण कार्यहरू, मसलन्द तथा कार्यालयजन्य सामानहरू, छपाई सम्बन्धी कार्यहरू, फर्निचर तथा फर्निसिङ्ग, हार्डवेयर, विद्युतीय सामग्री, मर्मत सम्भार, परामर्श सेवा (Consulting Service), र अन्य विभिन्न सेवा तथा वस्तुहरू खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) बमोजिम सूची दर्ता (Listing) गर्नुपर्ने भएको छ।

त्यसकारण, यस कार्यालयमा सूचीकृत हुन इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, संस्था, परामर्शदाता तथा आपूर्तिकर्ताहरूले यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र देहायबमोजिमका कागजातहरू संलग्न गरी यस कार्यालयमा तोकिएको दस्तुर सहित सुचिकृत फारम भरी पेस गर्नुहुन यो सूचना आह्वान गरिन्छ।

**१. आवश्यक पर्ने कागजातहरूः**

- फर्म÷कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- आर्थिक वर्ष २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- करचुक्ता प्रमाण पत्र नभएको खण्डमा हालको लागि प्रचलित नियमानुसार आ.रा. कार्यालयको म्याद थप सम्बन्धीको पत्र।
- सम्बन्धित ब्यापारिक वा व्यावसायिक नबिकरण प्रमाणपत्र (चालू आ.व. सम्म नवीकरण भएको)
- संस्था÷कम्पनीको मुख्य व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- तोकिएको फारम अनुसार फर्मको छाप र सही भएको निवेदन।

**२. सुचिकृत हुन सक्ने मुख्य क्षेत्रहरू/शीर्षकहरूः**

- भवन तथा अन्य निर्माण कार्यहरू (Civil Construction Works)
- मसलन्द तथा कार्यालय प्रयोगका सामग्रीहरू (Stationery items)
- कम्प्युटर, प्रिन्ट, फोटोकपी तथा हार्डवेयर/सफ्टवेयर सामग्रीहरू
- छपाई तथा पब्लिकेशन सम्बन्धी कार्यहरू
- फर्निचर तथा फर्निसिङ्ग सामग्रीहरू
- सवारी साधन मर्मत तथा इन्धन/स्पेयर पार्ट्स आपूर्ति
- विद्युतीय सामग्री तथा मर्मत सेवा
- परामर्श सेवा (इन्जिनियरिङ, डिपिआर, सर्भे, कानूनी वा लेखापरीक्षण सेवा आदि)
- अन्य विविध सेवाहरू

..............................

(अनिल कुमार झा)

नि. प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन विकास, समृद्धि र सुशासन"

CamScanner